# तिनाउ गाउँपालिका
# आ.ब. २०८०/०८१ को
# तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा
# प्रस्तुत संक्षिप्त प्रतिवेदन

**मिति २०८१।०३।३१**

**तिनाउ गा.पा. वडा नं. २**

**गाउँपालिकाको कार्यालय दोभान**

तिनाउ गाउँपालिका

आ.ब. २०८०/०८१

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७८ (५) बमोजिम तिनाउ गाउँपालिकाद्धारा प्रदान गरिने सेवा सुविधा सम्बन्धमा सेवा प्रदायक र सेवाग्राही सर्वसाधारण विचमा दोहोरो संम्वाद र प्रश्नोत्तर गरी एक आपसमा प्रष्ट हुने र स्थानीय सरकारको कार्यसम्पादनलाई आगामी दिनहरुमा अझ पारदर्शी, उत्तरदायी र जवाफदेहि बनाउन जनताको कामलाई सरल र सहज ढङ्गबाट सम्पादन गर्ने यो सार्वजनिक सुनुवाईको मुल उद्धेश्य रहेको छ। हाम्रो गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को आधारमा कार्यसम्पादन गर्दै आएको छ। सिमित साधनबाट, जनताको असिमित आवश्यकता पुरा गर्न प्राय असम्भव छ तथापी जनताको आर्थिक, सामाजिक, सास्कृतिक, साथै महशुस हुने गरि भौतिक पूर्वाधारको विकास गरी जनताको दीगो विकासको चाहनालाई पुरा गर्न हाम्रो ध्यान केन्द्रित छ। प्राप्त स्रोत र साधनको समुचित व्यवस्थापन र विकासको हरेक चरणमा सर्वसाधारण जनताको चासो बढि रहेको छ। गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा प्रति जति बढि जनताको चासो र निगरानी हुन्छ उति बढि पारदर्शिता, जवाफदेहिता र साथै सुशासन प्रबर्धनमा उति टेवा पुग्दछ। तिनाउ गाउँपालिका बासी आम नागरिक प्रति हाम्रो उत्तिकै सम्मान र दायित्व छ। नागरिकको अधिकार स्थापित गरी विकासको फल न्यायोचित ढङ्गले वितरण गर्ने तर्फ पनि हामी उत्तिकै सचेत छौं। यस आर्थिक वर्ष २०८०/०८१ का लागि हिउदे गाउँसभाबाट समेत पारित भएका बार्षिक नीति, कार्यक्रम तथा बजेटलाई कार्यान्वयन गर्ने क्रममा तिनाउका हामी निर्वाचित प्रतिनिधिहरु र कर्मचारीहरु लगनशिलताका साथ खटिएका छौं।

सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही जनतावाट प्राप्त सुझाब साथै पृष्ठपोषणवाट गुनासो व्यवस्थापन गर्दै भावी दिनहरुमा कार्यसम्पादनलाई चुस्त दुरुस्त सुदृढ बनाउने सार्वजनिक प्रतिबद्धता घोषणा गर्ने यो हाम्रो प्रयास पनि हो। यो सार्वजनिक सुनुवाईबाट गाउँपालिका भित्रका समस्याहरु पहिचान भई समस्या समाधान गर्ने विकल्पहरु पहिल्याई सम्बोधन गर्ने जमर्को गरिने छ। गाउँपालिकाको सेवा प्रदायक शाखा र सेवाग्राही जनता विच सुमधुर सम्बन्ध स्थापित हुनेछ।

तिनाउका हामी सवै जनप्रतिनिधिहरु तथा कर्मचारीहरु ईमान्दारीपूर्वक लगनशिल भई जनताको सेवामा खटिरहेका छौ । तिनाउको विकास र समृद्धीको लागि सवै मिलेर विकास गरौ भन्ने जनमतलाई कदर गर्दै सहमतिका साथ सहकार्य गर्दै अगाडि बढ्दै छौ काम गर्दा गल्ती, कमि कमजोरी हुन सक्छ, सिकाइले निखारपन ल्याउँछ पक्कै हो। यो अवधिमा जनप्रतिनिधिहरु र कर्मचारीहरु वीच निकै सुमधुर, सम्वन्ध राख्दै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न, सुशासनका आयाम थप्न सहज र सरल वनाउदै लगिने छ ।

सुशासन ऐन २०६४ को दफा ३० र सार्वजनिक सुनुवाई कार्यविधि २०८० को आधारमा यो कार्यक्रमको तय गरिएको छ। यो कार्यक्रमलाई गाउँ कार्यपालिकाको मात्र नभई सबैको साझा सरोकारको कार्यक्रम भएकोले यसलाई सभ्य, अनुशासित, सालिन, उपलब्धिमुलक एवम अर्थपुर्ण बनाउन आचारसंहिता पालना गर्दै सहभागी ज्यूहरुबाट रचनात्मक सुझाबको अपेक्षा गरिएको छ ।

## शाखागत कार्यक्रम तथा प्रगती विवरण

**शिक्षा युवा तथा खेलकुद शाखा तर्फ :**

| बजेट शीर्षक | बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| चालु सशर्त | १७,५७,१८,०००। | १६६९६५००० | ९५। |
| चालु गाँउपालिका | १,४८,००,०००। | १३०८५०००। | ८८।४१ |

**विस्तृत कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.हजारमा) | वित्तिय प्रगति % |
|---|---|---|---|
| १ | माध्यमिक तथा आधारभूत तह तलब भत्ता (सशर्त) | १३७००० | ९८ |
| २ | शिक्षण सिकाइ सहयोग अनुदान (सशर्त) | ५६६५ | ८६ |
| ३ | प्रारम्भिक बालविकास र कर्मचारी तलब भत्ता(सशर्त) | ११८१४ | १०० |
| ४ | दिवा खाजा (सशर्त) | ६८२६ | ८० |
| ५ | शैक्षिक पहुँच सुनिश्चतता (सशर्त) | ७२० | १०० |
| ६ | सेनेटरी प्याड व्यवस्थापन (सशर्त) | ११३२ | ६४ |
| ७ | विद्यालय संचालन तथा व्यवस्थापन (सशर्त) | २४९३ | १०० |
| ८ | अतिरिक्त क्रियाकलाप सन्चालन (गा पा) | ४९० | १०० |
| ९ | शैक्षिक सुशासनका लागि संस्थागत विकास | ८१० | ७५ |
| १० | शिक्षा समिति प्र अ बैठक | ३९२ | ९५ |
| ११ | प्रारम्भिक बालविकास र कर्मचारी थप तलब (गा पा) | ७४०० | ९८ |
| १२ | प्रश्नपत्र निर्माण सिकाइ उपलिब्ध बिश्लेषण (गा पा) | १९६ | ७३ |
| १३ | दिवा खाजा थप(गा पा) | २००० | १०० |
| १४ | स्थानिय पाठ्यपुस्तक निर्माण | ४०० | १०० |
| १५ | शैक्षिक क्यालेन्डर निर्माण तथा छपाइ | ३०० | ६७ |
| १६ | विद्यालय निरीक्षण र विद्यार्थी सत्यापन | २०० | ५५ |
| १७ | प्र अ क्षमता विकास तालिम | ३०० | १०० |
| १८ | शैक्षिक प्रर्दशनी | २०० | ६२ |
| १९ | कक्षा ५ र ८ को परीक्षा संचालन व्यवस्थापन | ५८८ | ९४ |

| | | | |
|---|---|---|---|
| २० | गाउँपालिका पुस्तकालय स्थापना | १०० | १०० |
| २१ | असहाय विपन्न शैक्षिक सहायता | ४९० | ९८ |

**<u>मुख्य उपलब्धीहरु:</u>**

- ✓ स्थानिय सीप स्रोत र साधन प्रयोग गरी कक्षा ३ को पाठ्यपुस्तक निर्माण भै पठनपाठनको शुरुवात ।
- ✓ विद्यार्थीको अन्तरनिहित प्रतिभा पहिचानको लागि अतिरिक्त क्रियाकलाप सन्चालन ।
- ✓ अंपाग विद्यार्थी प्रारम्भिक पहिचान सम्बन्धि शिक्षक तालिम सन्चालन र विद्यालयमा बाल कक्षा देखि ३ कक्षा सम्मका विद्यार्थीहरुको परीक्षण गरीएको ।
- ✓ विद्यालयहरुको नियमित रुपमा अनुगमन अवलोकन गरी पृष्ठपोषण प्रदान
- ✓ कक्षा ८ ,१० र कक्षा १२ को नतिजा विश्लेषण गरी विद्यार्थी सम्मान कार्यक्रम सम्पन्न गरीएको ।
- ✓ सशर्त तर्फको कार्यक्रम बाँडफाँड गरीएको ।
- ✓ सेनेटरी प्याडको खरीद गरी वितरण कार्य सम्पन्न भैसकेको।
- ✓ ३० विद्यालयको विद्यार्थी सत्यापन गरीएको ।
- ✓ प्रधानाध्यापकहरुको क्षमता विकास तालिम सम्पन्न ।
- ✓ विषयगत शिक्षकहरुको तालिम एवंम् कार्यशाला सम्पन्न विषयगत रुपमा विद्यार्थीको उपलब्धि वृद्दि गर्ने प्रतिबद्धता गराइएको ।
- ✓ गाउँपालिकास्तरीय परीक्षा संचालन भएको ।
- ✓ असहाय विपन्न बालबालिकाहको लागि शैक्षिक सहायता अन्तरगत बालबालिकाहरुलाइ स्टेशनरी सामाग्री खरीद ।
- ✓ १०२ जना छात्रछात्राहरुलाइ स्थानिय स्काउटद्धारा दिक्षान्त कार्यक्रम सम्पन्न।
- ✓ शैक्षिक प्रर्दशनी कार्यक्रम संचालन
- ✓ नियमित रुपमा प्रशासिनक कार्य भैरहेको ।

**समस्या तथा समाधानका उपायहरु**

| समस्या / वर्तमान अवस्था | समाधानका संभावित उपाय/भावि कार्यदिशा |
|---|---|
| प्रशासिनक जिम्मेवारी ले गर्दा विद्यालयमा प्राविधिक सहयोग पुर्याउन नसक्नु | विद्यालय निरीक्षण अनुगमन तथा प्राविधिक सहयोगको लागि बिषयगत समिति, रोस्टर प्रशिक्षक निर्माण परिचालन स्रोत विज्ञ व्यवस्थापन शिक्षक बैंक व्यवस्थापन गर्नुपर्ने । |

**स्वास्थ्य शाखा तर्फ**

| क्र स | विनियोजित बजेट | कन्टिजेन्सी | बाकी रकम |
|---|---|---|---|
| १ | ५०,००,००० | १००००० | ४९,००,००० |

**विस्तृत खर्च विवरण**

| क्र.स | विवरण | बजेट | निकासी हुने रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | स्वयम्सेविका कार्यक्रम (विदाई, यातायात खर्च,सामाग्री वितरण, दिवस लगायत | ८२७५५१ | ८११००० | ९९।७८ |
| २ | आमा सुरक्षा कार्यक्रम (अण्डा वितरण, सुत्केरी र सडक दुर्घटना यातायात सहुलियत, | ६००००० | ५८८००० | ९९।९८ |
| ३ | विद्यालय स्वास्थ्य कमिटी मासिक वैठक तथा समिक्षा खर्च | १५८१६३।३ | १५५००० | ९७।९४ |
| ४ | विद्यालय नियमित स्वास्थ्य जाच, स्वास्थ्य तथा सरसफाई सामाग्री | १६३२६५।३ | १६०००० | ८४।५४ |
| ५ | स्वास्थ्य संस्थाको लागि आवश्यक औषधी तथा उपकरण,मसलन्द,आर आर टी परिचालन, सामाग्री खरिद | ४५०००० | ४४१००० | ९७।०९ |
| ६ | गाउँघर तथा खोप क्लिनिक यातायात खर्च | १४७९५९।२ | १४५००० | ९८।७६ |
| ७ | HMIS फर्म,रजिष्टर,प्रतिवेदन छपाई | १५३०६१।२ | १५०००० | ९८।७९ |
| ८ | स्वस्थ तिनाउ अभियान सञ्चालन | २५०००० | २४५००० | ९८।८१ |
| ९ | खुल्ला व्यायामशाला स्थापना | ५००००० | ४९०००० | ९८।२ |
| १० | रक्तदाता समुह निर्माण,परिचालन तथा समिक्षा कार्यक्रम | १००००० | ९८००० | ३६।९२ |
| ११ | स्वास्थ्य संस्था सुशासन तथा न्युनतम सेवाको स्थिति सुधार कार्यक्रम | ४००००० | ३९२००० | ९५।७६ |
| १२ | आयुर्वेद सेवा कार्यक्रम | २००००० | १९६००० | ९१।८४ |
| १३ | प्रयोगशाला सेवा सञ्चालन (घुम्ती प्रयोगशाला समेत) | २००००० | १९६००० | ९७।२७ |
| १४ | तौल अनुगमन प्रोत्साहन तथा पोषणको लागि कूखूराको चल्ला वितरण कार्यक्रम | ३५०००० | ३४३००० | ९९।९३ |

| | | | | |
|---|---|---|---|---|
| १५ | प्रसूती कूरुवा कक्ष सञ्चालन, पुर्ण संस्थागत सूत्केरी वडा घोषणा अभियान, विशेष स्वास्थ्य कार्यक्रम | २००००० | १९६००० | ८७।०६ |
| १६ | प्रजनन स्वास्थ्य,आखा लगायत शिविर संचालन | ३००००० | २९४००० | ९८।९ |
| | कूल जम्मा | ५०००००० | ४९००००० | ९४।६ |

**मुख्य उपलब्धिहरु**

- १३ भन्दा बढी स्थानमा मोतिविन्दु पहिचान शिविर सञ्चालन गरी १५७ भन्दा बढी मोतिविन्दुको विरामी पत्ता लागेको।जसमध्ये ९९ जनाको निशुल्क सफल अप्रेशन गराईएको।
- तिनाउ गाउँपालिकाका ५ वटा वडाहरुमा ३० देखि ४९ वर्ष सम्मका ५३८ जना महिलाहरुमा पाठेघरको मुखको क्यान्सर जाच गरिएकोमा ४० जना महिलाहरुमा जाच पोजिटिभ आएको थियो।
- स्वस्थता अभिवृद्धि गर्न खुल्ला व्यायामशालाको निर्माण भएको ।
- मस्याम स्वास्थ्य चौकीमा प्रसुति सेवा थप गरी सञ्चालन गरिएको।
- रक्तदान कार्यक्रम आयोजना गरी ३१ युनिट रगत ब्लड वैक बुटवललाई हस्तान्तरण गरिएको ।
- घुम्ती प्रयोगशाला तिनाउ गाउँपालिकाको वडा नं. १ र ६ मा सञ्चालन गरिएको ।
- ३०९ जनाको क्षयरोग परिक्षण गर्नुका साथै २३ जना क्षयरोगीलाई उपचारको दायरामा ल्याईएको ।
- पूर्ण संस्थागत प्रसुति सेवायुक्त वडाको लागि वडा नं. ०१,०२ र ०३ मा अभियान सुरु गरिएको ।
- स्वस्थ तिनाउ अभियानको सुरुवात गरी आमा समुह,बाल क्लव,स्वास्थ्य व्यवस्थापन समिती, स्वयमंसेविका लगायतलाई अभिमुखिकरण गरिएको ।
- वडा नं १,२,३ र ४ को १० वटा स्वास्थ्य संस्था व्यवस्थापन समितीलाई संस्था सञ्चालन सम्वन्धी अभिमुखिकरण गरिएको छ।
- तिनाउ गाउँपालिकामा १५ देखि ५९ महिनासम्मका बालबालिकाले पाउनुपर्ने सम्पुर्ण खोप पाएको सुनिश्चित गरी पूर्ण खोप दिगोपना सुनिश्चित गरिएको छ।
- राष्ट्रिय खोप अभियान (दादुरा रुवेला खोप अभियान र आई पि भि खोप अभियान) सफलता पूर्वक सञ्चालन गरेको।
- विभिन्न खानेपानी आयोजनाको गुणस्तर जाँच गरी सम्वन्धित उपभोक्तालाई जानकारी तथा सचेत गराईएको छ।
- मानसिक स्वास्थ्य सम्वन्धित सचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको छ।

- प्रसुति कुरुवा कक्ष कचल र दोभान स्वास्थ्य चौकीमा सञ्चालनमा ल्याईएको छ।
- स्वास्थ्य सेवाको गुणस्तरको न्युनतम स्थितीको मापदण्डमा कचल स्वास्थ्य चौकी हरियो (राम्रो) सुचकमा पुग्न सफल भएको छ।

चुनौतीहरु

- घरमै सुत्केरी भएको अवस्था छ। (७ जना महिला)
- स्वास्थ्य सामाग्री तथा फर्निचरको अभाव छ।(केही संस्थामा)
- स्वास्थ्य प्रति सचेत नरहेको मानिसको संख्या धेरै छ।
- आत्महत्याको संख्या तुलनात्मक रुपमा बढ्दो छ।
- घरमै आएर उपचार गर्दे हुन्थ्यो भन्ने आम मानिसको अपेक्षा बढ्नु।
- मधुमेह, उच्च रक्तचाप,मुटु तथा रक्तनली,मृगौला सम्वन्धी रोगहरुको स्थिति भयावह छ तर समुदायको रोगबाट बच्ने सतर्कता कम छ।
- आधारभुत स्वास्थ्य संस्थाबाट विशिष्टिकृत सेवाको अपेक्षा हुनु।

## नविनतम कार्यहरु

- खुल्ला व्यायामशाला निर्माण भएको छ।
- साप्ताहिक गाउँघर क्लिनिक सञ्चालनमा ल्याईएको छ।
- घुम्ती प्रयोगशाला वडा नं १ र ६ मा सेवा सञ्चालन गरिएको छ।
- वडा नं ६ को मस्याम स्वा चौ मा प्रसुति सेवा थप गरी सञ्चालनमा ल्याईएको छ।
- संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्न सामुदायिक वन उपभोक्ता समितीहरुसँग समन्वय गरी कार्य गरिएको छ।
- रक्तदान कार्यक्रम सञ्चालन गरिएको छ।

**कृषि विकास शाखा तर्फ**

| बजेट शीर्षक | बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| पुँजीगत (मिनिटिलर वितरण) | ४६०००००| | ४०४११००| | ८७.८५% |
| कृषि विकास शाखा | ८५०००००| | ३७४४०००| | ४४.०५% |
| जम्मा | १३१०००००| | ७७८५१००| | ५९.४२% |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|
| १ | मिनीटिलर (४.२ किलोवाट) ७ एच.पी. | ४६०० | १००% | ८७.८५% |
| २ | बाली उपचार शिबिर संचालन | २९४। | १००% | ९८.६३% |
| ३ | मागमा आधारित कृषक तालिम | १९६। | ८३.३% | ६०.४३% |
| ४ | उत्पादनमा आधारित अनुदान | १४७०। | १००% | ४८.४९% |
| | | | | |
| ५ | तरकारी खेति क्षेत्र विस्तार कार्यक्रम कचल (वडा न.१,२) | ७८४। | १००% | ५५.७६% |
| ६ | क्राप कटिंग | ९८। | २४.४९% | २४% |
| ७ | आई.पी.एम.कृषक पाठशाला | १९६। | १००% | ९७.८३% |
| ८ | धनिया खुर्सानी क्षेत्रविस्तार वडा न.४ | ३९२। | १००% | ३३.०४% |
| | | | | |
| ९ | प्लास्टिक पोखरी निर्माणका लागि निःशुल्क प्लास्टिक वितरण | ९८०। | १००% | ८८.४७% |
| १० | तरकारी तथा मौरी क्षेत्र विस्तार कार्यक्रम वडा न.६ | ३९२। | १००% | ६७.५९% |
| ११ | च्याउ खेति क्षेत्रविस्तार कार्यक्रम वडा न.३ | ३९२। | ५०% | २३.५३% |
| १२ | फलफुल बगैचा व्यवस्थापन कार्यक्रम | २९४। | ६६.६६% | २२.७२% |
| १३ | फलफुल बगैचा स्थापना कार्यक्रम | २९४। | १००% | ३३.०४% |

## आयोजनागत रुपमा प्रगति विवरण

### संघीय सशर्त कार्यक्रम

| सि.नं. | आयोजनाको नाम | वार्षिक बजेट (रु.हजारमा। | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|
| १ | तरकारी पकेट निरन्तरता कार्यक्रम तिनाउ १ ओखलढुंगा | ५००। | १००% | ९४.५३% |
| २ | किसान सूचीकरण कार्यक्रम | २७०। | १००% | १००% |
| ३ | कृषि स्नातक भर्ना | ५२५। | १००% | ४३.८३% |

| | | | | |
|---|---|---|---|---|
| ४ | एक गाउँ एक प्राबिधिक | २३०। | १००% | १००% |
| ५ | साना सिंचाई प्रवर्द्धन कार्यक्रम | १८३९। | १००। | ७५.९१% |
| ६ | खाद्यन्न बालीको उन्नत बिउ उपयोगमा अनुदान | ७३६। | १००। | ४.०८% |
| | **जम्मा** | **४१००।** | **१००%** | **६३.२९%** |

## प्रदेश सशर्त कार्यक्रम

| सि.नं. | प्रदेश सशर्त कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.हजारमा। | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|
| १ | मौरी प्रवर्धन कार्यक्रम वडा न.४ सत्यवती तथा वडा न.१ ओखलढुंगा | १०००। | १००% | ५९.२५% |
| २ | तरकारी प्रवर्धन कार्यक्रम वडा न.५ कन्यादी | ५००। | १००% | ८६.१३% |
| ३ | कागती खेति प्रवर्धन कार्यक्रम वडा न. २ र ६ | ५००। | १००% | १३.०२% |
| | जम्मा | २०००। | | ५४.३५% |

## कार्यक्रमबाट भएको उपलब्धीहरु

| **सि.नं.** | **समुह/सहकारी को नाम** | **कार्यक्रम को नाम** | **हाल सम्मको उत्पादन विवरण के.जी.** | **उत्पादन हुन बाँकी अनुमानित उपज के.जी.** | **औसत बिक्री मूल्य रु.प्रति के.जी.** | **जम्मा रकम रु.** |
|---|---|---|---|---|---|---|
| १ | ओखलढुंगा कृषि तथा पशुपालन समुह तिनाउ १ | मौरी प्रवर्द्धन कार्यक्रम | ——— | १५०० | १००० | १५०००००। |
| २ | रिङसिङ लेक सामुदायिक विकास कृषि सहकारी संस्था लि.तिनाउ १ | पकेट निरन्तरता | ६८०० | १४३०० | ४२ | ८४५५००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | चौतारी कृषक समुह तिनाउ १ कचल | तरकारी क्षेत्र विस्तार कार्यक्रम | ८१०० | २१०० | ५८.२ ३ | ५९४०००। |
| ४ | घोडेबास कृषक समुह तिनाउ २ | आलु क्षेत्र विस्तार कार्यक्रम | ४००० | ——— | ४० | १६००००। |
| ५ | देबी स्थान कृषक समुह तिनाउ २ | तरकारी क्षेत्र विस्तार कार्यक्रम | १४६६० ० | ——— | ३८.१ ८ | ५४४९०००। |
| ६ | तिनाउ साना किसन कृषि सहकारी संस्था लि. तिनाउ ३ | च्याउ प्रवर्द्धन कार्यक्रम | ८०,००० | ——— | १२० | ९६०००००। |
| ७ | लुङग्राङ कृषक समुह तिनाउ ४ सत्यवती | धनिया खुर्सानी क्षेत्र विस्तार | १६९०० | २०५०० | ८२ | ३०६७०००। |
| ८ | सत्यवती मह तथा मौरी गोला उत्पादन कृषक समुह तिनाउ ४ | मौरी प्रवर्द्धन कार्यक्रम | ——— | ५४० | १००० | ५४००००। |
| ९ | कन्यादी कृषक समुह तिनाउ ५ कन्यादी | तरकारी प्रवर्द्धन कार्यक्रम | १५००० | ७१००० | ६२.७ ९ | ५४०००००। |
| १० | मौरी पालन संग सम्बन्धित समुह नरहेको (२१ जना कृषकलाई वितरण | मौरी क्षेत्र विस्तार कार्यक्रम | ——— | ४२० | १००० । | ४२००००। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | सफल तरकारी उत्पादन कृषक समुह तिनाउ ६ | तरकारी क्षेत्र विस्तार कार्यक्रम | २३३०० | ४९०० | ५८ | १६३७५०० |
| १२ | मस्याम स्वावलम्बन कृषि बहु उद्देश्यीय सहकारी संस्था लि. तिनाउ ६ | मौरी क्षेत्र विस्तार कार्यक्रम | ———— – | ७२० | १००० | ७२०००० |
| जम्मा | | | ३००७०० (३००७ क्विन्टल) | ११५९८०(११६० क्विन्टल) | | २,९९,३३,००० । |

**मुख्य उपलब्धीहरु**

१. कुल जम्मा १७४ वटा (७ एच.पी.को) मिनिटिलर वितरण

२. बजार सफ्टवेयर जडान गरि कृषि उपज बिक्रि केन्द्र बाट बिक्रि वितरण भएका तथ्यांक अनुसार उत्पादनमा आधारित अनुदान भुक्तानी कार्य सम्पन्न

३. ६ वटै वडामा बाली उपचार शिबिर संचालन गरि ४१९ जना कृषकलाई सेवा प्रदान गरि सुरक्षित बिषादी प्रयोगको बारेमा अभिमुखीकरण गरियो ।

४. वडा न.१ कचल,वडा न. ३ बेरुवा वडा न.४ थपनडाँडामा एकीकृत शत्रुजीव व्यवस्थापन (आई.पी.एम. कृषक पाठशाला ) कार्यक्रम मार्फत कृषकहरुलाई परम्परागत तथा आधुनिक तरिका बाट गरिने खेतिको तुलनात्मक अध्ययन तथा शत्रुजीव व्यवस्थापन बारे बृहत तालिम सम्पन,

५. कृषकहरुको अभिलेखीकरण गर्नको लागि किसान सूचीकरण कार्यक्रमबाट ३२५७ कृषकलाई सुचिकृत संचालन ।

६. ५०% अनुदानमा उन्नत गंहू बीउ वितरण ।

७. वडा न. ६ लाई क्लस्टर तोकी कृषि ज्ञान केन्द्र, पाल्पाको सहयोगमा १०५ माटो नमुना परिक्षण गरि १६.५ मे.ट. कृषि चुन वितरण ।

८. महिलाको पोषण सुधार गर्नको लागि वडा न.३ मा ४०, वडा न. ५ मा ८५ तथा वडा न. ६ मा १३५ जना महिलालाई १ रोपनीमा पुग्ने कृषि ज्ञान केन्द्र, पाल्पाको सहयोगमा तरकारीको बीउको मिनिकिट विवरण ।

९. ५० % अनुदानमा बिउ ९२३ केजी उन्नत धान बिउ वितरण

१०. ३ एच.पी. को ४ वटा कुटनी पिसानी मिल वडा न. ६ मा वितरण

११. वडा न.१ मा ७ एच.पी. को मिनितिलर ९ वटा वितरण

१२. ३८ वटा प्लास्टिक पोखरी निशुल्क सबै वडामा वितरण

१३. शत प्रतिशत अनुदानमा फलफूल बिरुवा बितरण

१४. वडा न.४ र ६ मा फलफुल बगैचा व्यवथापन कार्यक्रम सम्पन्न

१५. मागमा आधारित तालिम वडा न.१,२,३,४ र ६ कार्यक्रम सम्पन

१६. साना सिंचाई सशर्त तर्फको

- घोडेबास कृषक समुह तिनाउ २ अन्तर्गत ४७१ मि.कुलो निर्माण गरि लगभग१०० रोपनी क्षेत्रफल सिंचित बनाई २२ घरधुरीलाई सेवा प्रदान गरियो ।
- रिङसिङ लेक सामुदायिक विकास कृषि सहकारी संस्था तिनाउ १ अन्तर्गत १०० मि. कुलो तथा ३५० मि. पाइप जडान गरि लगभग १५० रोपनीमा सिंचाई पुग्ने गरि १५ घरधुरी लाई सेवा प्रदान गरियो ।
- रुसुन्डी सिंचाई उपभोक्ता समिति तिनाउ ६ अन्तर्गत २१२ मि. कुलो निर्माण गरि लगभग ५२ रोपनीमा सिंचाई पुग्ने गरि १७ घरधुरीलाई सेवा प्रदान गरियो ।

१७. तिनाउ कृषि उपज बिक्रि केन्द्रको हाल सम्मको विवरण

**आ.ब.०८९/०८०(मितिः२०७९/१२/१३देखि मितिः२०८०/०३/३१)**

- आबद्ध कृषक संख्याः १०२ जना
- कुल कारोबार :३७,२४,२२२.९५
- अनुदानः३७३४२२.३०
- अनुदान प्रतिशत :१०%
- सेवा शुल्क ८% को दरले रु.(२९७९३७.८३६)

**आ.ब.०८०/०८१ (मितिः२०८०/०४/०१ देखि २०८०/१२/३०)**

- आबद्ध कृषक संख्या :२५०जना
- कुल कारोबार रकम :७७,२१,९५२.५३

- अनुदान रकम :३८६०९६.६३
- अनुदान प्रतिशत : ५ %
- सेवा शुल्क ४% को दरले (३०८८७८.१०१)

**दुवै आर्थिक बर्षको एकमुष्ठ**

- मिति २०७९/१२/१३ देखि २०८०/१२/३० सम्म
- कृषक संख्या २७७
- कुल कारोबार रकम रु.१,१४,५७,४१८.४९
- अनुदान रकम रु.७,५९,८८१.८२
- सेवा शुल्क रु.(६०६८१५.९३७)

**सूचना प्रकाशन पश्यात भुक्तानी दिने योग्य**

- कृषक संख्या १५४ जना
- अनुदान रकम रु.६,०८,५९२.८२

**पशु सेवा शाखातर्फ**

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु.लाखमा) | भौतिक प्रगति % | वित्तिय प्रगति % |
|---|---|---|---|---|
| १ | औषधि तथा उपकरण खरिद | ८०० | १००% | १००% |
| २ | पशु स्वास्थ्य शिबिर | ४०० | ७५% | ७५% |
| ३ | गोठ सुधार | ४५० | ६६% | ६६% |
| ४ | खोर सुधार | २०० | ८० % | ८०% |
| ५ | गोठ निर्माण | १५० | ६६ % | ६६% |
| ६ | खोर निर्माण सहयोग | १५० | ९८% | ९८% |
| | | | | |
| ७ | चापकटर वितरण | ५०० | ४० % | ७८% |
| ८ | घाँस बीउ वितरण | ३०० | ५० % | २८% |
| ९ | ५०% अनुदानमा माछा प्रवद्धन कार्यक्रम | ९८ | ९८ % | ९८% |
| १० | ५०% अनुदानमा डुड /ताट्नो | १५० | ५% | १०% |

## मुख्य उपलब्धीहरु

१. ५०% अनुदानमा जै तथा बर्षिम घाँसको बीउ खरिद तथा बितरण गरी कार्यक्रम सम्पन्न

२. तिनाउ गाँउपालिका भित्रका पालिएका पशु तथा पन्क्षीजन्य जीवको स्वास्थ्य उपचारको लागि १००% अनुदानमा औषधि तथा उपकरण खरिद गरि ६ वटै वडामा निशुल्क औश्धिपचार सेवा प्रवाह गरिदै

३. पशुपन्क्षिहरुको स्वस्थ शिविर कार्यक्रम अन्तर्गत ६ वटै वडामा परजीवी नियन्त्रण कार्यक्रम सम्पन्न

४. स्वस्थ शिबिर कार्यक्रम अन्तरगत वडा न.४ को वडा कार्यालय परिषर तथा लागडमा गरी कुल १५६ जना कृषकको पशुपन्क्षिको स्वस्थ सेवा प्रदान गरियो ।

५. पशुपंक्षिको आरामदायी बास स्थानको लागि खोर सुधार ,गोठ सुधार ,खोर निर्माण तथा गोठ निर्माण कार्यक्रम सम्पन्न भएको छ । जसमध्ये खोर सुधार १६ वटा ,गोठ सुधार ३० वटा ,गोठ निर्माण २ वटा र खोर निर्माण ३ वटा सम्पन्न भएको छ

६. तिनाउ गाँउपालिका भित्रका ६५० वटा गाईलाई लम्पी स्किन भ्याक्सिन लगाइएको ।

७. तिनाउ गाँउपालिका वार्ड न १,२ र ३ मा खोरेत रोगको ५५० गाई भैसी तथा गोरुलाई भ्याक्सिन लागाइएको अन्य वडा तथा पशुलाई लागाउने कार्यक्रम संचालनमा रहेको छ ।

**आर्थिक प्रशासन शाखा आम्दानी तथा खर्च विवरण**

१. चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा आजको मिति सम्म भवन निर्माण तथा स्तरउन्नतीको काम ४७ वटा सम्पन्न भएको छ, गाउँपालिकाका जम्मा ६२ वटा सडकहरुमा करिव १२५३ कि.मी सडक स्तरउन्नती भएको छ, मठमन्दीरहरु ५ वटाको निर्माणको काम सम्पन्न भएको छ, सिँडी बाटो ३ वटामा १२५५ मिटर सम्पन्न भएको छ, चौतारा ४ वटा निर्माण भएका छन्, खानेपानी योजना २७ वटा सम्पन्न भएका छन्, खेलकुद मैदान ८ वटाको निर्माण सम्न्न भएको छ, सिँचाई योजना २८ वटा निर्माण भएका छन, सार्वजनिक शौचालयहरु ६ वटा निर्माण भएका छन्, विभिन्न ठाउँहरुमा ९ स्थानमा घेराबार गरी २६३० मिटर घेराबार गर्ने कार्य भएको छ, गाउँपालिका भित्र २ वटा पार्क निर्माण गर्ने काम भएको छ, गाउँपालिकाको १ ठाउँमा विद्युतिकरणको काम भएको छ र भूईं ढलानको काम १ ठाउँमा सम्पन्न भएको छ ।

२. प्रस्तुत क्रियाकलापको काम गर्दा गाउँपालिकाले चालु आर्थिक वर्षमा पारित गरेको नीति, कार्यक्रम तथा बजेट खर्चलाई व्यवस्थापन गर्न गाउँपालिकाले चालु आर्थिक वर्ष संघीय सरकार तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु. ८ करोड ५३ लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ७ करोड ९३ लाख २९ हजार ९३.१४ प्रतिशत, शसर्त अनुदान चालु तर्फ रु. २१ करोड ८६ लाख ३० हजार अनुमान गरिएकोमा हालसम्म रु. २० करोड ९२ लाख ८ हजार ९५.६९ प्रतिशत, शसर्त अनुदान पुँजिगत तर्फ रु. ८३ लाख ८३ हजार अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ४० लाख १९ हजार ४७.९४ प्रतिशत, विशेष अनुदान पुँजिगत तर्फ रु.

८० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ७० लाख ६१ हजार ८८.२६ प्रतिशत र समपुरक अनुदान पुँजिगत तर्फ ८० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ६१ लाख ६५ हजार ७७.०६ प्रतिशत गरी जम्मा ३२ करोड ८३ लाख १३ हजार आय हुने अनुमान भएकोमा जम्मा रु. ३० करोड ५७ लाख ८२ हजार वास्तविक आय भै ९३.१४ प्रतिशत मात्र संघीय सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ ।

३. यसै गरी गाउँपालिकाले चालु आर्थिक वर्ष प्रदेश सरकार तर्फ वित्तीय समानीकरण अनुदान तर्फ रु. ५९ लाख ५९ हजार अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ४४ लाख ६९ हजार ७५ प्रतिशत, शसर्त अनुदान चालु तर्फ रु. २६ लाख ५० हजार अनुमान गरिएकोमा हालसम्म रु. २१ लाख २० हजार ८० प्रतिशत, शसर्त अनुदान पुँजिगत तर्फ रु. ६० लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ४३ लाख ७१.६७ प्रतिशत, विशेष अनुदान पुँजिगत तर्फ रु. १५ लाख अनुमान गरिएकोमा हालसम्म जम्मा रु. १२ लाख ८० प्रतिशत र समपुरक अनुदान पुँजिगत तर्फ १ करोड अनुमान गरिएकोमा हालसम्म जम्मा रु. ८३ लाख ७१ हजार ८३.७१ प्रतिशत गरी जम्मा २ करोड ६१ लाख ०९ हजार आय हुने अनुमान भएकोमा जम्मा रु. २ करोड ९ लाख ६० हजार वास्तविक आय भै ८०.२८ प्रतिशत मात्र प्रदेश सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ ।

४. चालु आर्थिक वर्षमा राजस्व बाँडफाँड तर्फ मुल्य अभिवृद्धि कर तर्फ रु. ६ करोड, अन्त शुल्क तर्फ रु. १ करोड ८१ लाख ४१ हजार, सवारी साधन कर रु. ५३ लाख, विज्ञापन कर २४ हजार र दहत्तर बहत्तर शुल्क रु. ६ लाख ३६ हजार गरी कुल जम्मा रु.९ करोड ३ लाख ३३ हजार आम्दानी गर्ने अनुमान राखेकोमा हाल सम्म मुल्य अभिवृद्धि कर तर्फ रु. ४ करोड ९० लाख ४८ हजार ८१.७५ प्रतिशत, अन्तशुल्क तर्फ रु. २ करोड २४ लाख ८१ हजार ९२.२९ प्रतिशत सवारी साधन कर रु. ४८ लाख ७९ हजार ९१.८ प्रतिशत र बाँडफाँड भै प्राप्त हुन दहत्तरबहत्तर विक्रिबाट प्राप्त आय ३ लाख ९६ हजार ६२.२७ प्रतिशत गरी जम्मा रु. ७ करोड ६८ लाख ४ हाजार ८५.०२ प्रतिशत मात्र आम्दानी गर्न सफल भएको छ ।

५. गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ एकीकृत सम्पत्ती कर तर्फ १० लाख, भूमिकर मालपोत तर्फ १४ लाख, बहाल कर तर्फ १० लाख, अन्य विक्रीबाट प्राप्त रकम ५ लाख, अन्य सेवा शुल्क तथा विक्री रु. १ करोड ५० लाख, न्यायीक दस्तुर ५० हजार, शिक्षा क्षेत्रको आम्दानी १ लाख, नक्सा पास दस्तुर ४ लाख ७० हजार, सिफारिस दस्तुर १० लाख, नाता प्रमाणित दस्तुर २० हजार, अन्य दस्तुर ५ लाख, व्यवसाय रजिष्ट्रेशन दस्तुर २ लाख, अन्य क्षेत्रको आय ८० लाख, प्रशासनीक दण्ड जरिवाना र जफत १० लाख, प्रदुषण नियन्त्रण शुल्क १ लाख, बैक

मौज्दात ६ करोड २२ लाख ३० हजार र जनसहभागिता ७५ लाख गरी कुल जम्मा ९ करोड २५ लाख ७० हजार कुल आन्तरिक आम्दानी गर्ने अनुमान गरेकोमा हाल सम्म बैक मौज्दात रु. ६ करोड २२ लाख ३० हजार र विभिन्न शिर्षकमा गरी जम्मा रु. १ करोड ९८ लाख ४१ हजार गरी कुल जम्मा ८ करोड २० लाख ७२ हजार ८८.६६ प्रतिशत आम्दानी गर्न सफल भएको छ ।

६. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा चालु तर्फ रु. ३६ करोड ९० लाख ९६ हजार विनियोजन गरेकोमा हाल सम्म जम्म रु. ३० करोड ७७ लाख ६३ हजार खर्च गरी ८३.३८ प्रतिशत खर्च गर्न सफल भएको छ ।

७. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा पुँजिगत तर्फ रु. १६ करोड ७८ लाख ४६ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. १४ करोड ३६ लाख ११ हजार खर्च गरी ८५.५६ प्रतिशत पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ ।

८. गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा रु. ५३ करोड ६९ लाख ४३ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ४५ करोड १३ लाख ७४ हजार खर्च गरी जम्मा ८४.०६ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ ।

**योजना तर्फ उपभोक्त समिति मार्फत संचालन हुने योजना विवरण**

| वडा | जम्मा योजना संख्या | संझौता संख्या | सम्पन्न | सम्पन्न नभएको | संझौता नभएको |
|---|---|---|---|---|---|
| १ | ६६ | ६५ | ६५ | ० | १ |
| २ | ६५ | ५९ | ५९ | ० | ६ |
| ३ | २८ | २८ | २८ | ० | ० |
| ४ | २८ | २८ | २७ | १ | ० |
| ५ | ४२ | ४२ | ४२ | ० | ० |
| ६ | ४१ | ४० | ४० | ० | १ |
| **जम्मा** | **२७०** | **२६२** | **२६१** | **१** | **८** |

**भैतिक पूर्वाधार तर्फः**

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु. हजारमा) | प्रक्रिया | अवस्था |
|---|---|---|---|---|
| १ | डुंडेखोला बन्चरेघाट १, दोभान खोला पहिलाघाट २, भुजेलाबस्ती झोपू , डुम्रे | ३५,००,०००.०० | उपभोक्ता | सम्पन्न |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु. हजारमा) | प्रक्रिया | अवस्था |
|---|---|---|---|---|
| | मिलटेलघाट, तिनाउ गाउँपालिका, पाल्पा | | | |
| २ | गाउँपालिका भवन तला थप गापा तर्फ | १,२७,४०,०००.०० | ठेक्का | निर्माणाधीन |
| ३ | हात्तिकोट खानेपानी आयोजना | ७२,००,०००.०० | ठेक्का | निर्माणाधीन |
| ४ | चरचरे मरामकोट जन्तिलुङ्ग पर्यटकीय मार्ग स्तरोन्नती तिनाउ ५ | ४९,०० | उपभोक्ता | सम्पन्न |
| ५ | नुवाकोट हरियाली गाँउ ज्यामिरे पर्यटन मार्ग स्तरोन्नति संघीय योजना गापा समपुरक | ७८,४० | ठेक्का | सम्पन्न |
| ६ | आपचौपारी वेलडाडा चिदिस शिखरडाँडा गुफाचौर मोटरबाटो स्तरोन्नति | ५९,०० | ठेक्का | सम्पन्न |
| ७ | कचल झिगामारा ठुलीउदाङ्ग मोटरबाटो स्तरोन्नति प्रदेश समपुरक गापा दायित्व | ५९,०० | ठेक्का | सम्पन्न |
| ८ | गोरवन्दी सत्यवती लगाड गिजनचौर पर्यटकीय सडक स्तरोन्नति | ५९,०० | ठेक्का | सम्पन्न |
| ९ | दोभान झ्याङ्गला बगाह मोटरबाटो स्तरोन्नति गापा समपुरक दायित्व | २४,५० | उपभोक्ता | सम्पन्न |
| १० | सानीउदाङ्ग खानेपानी योजना तिनाउ १ | ६,८६ | उपभोक्ता | सम्पन्न |
| ११ | झ्याङ्गला कजवे सरंक्षण वाल लगाउने कार्य | ९,८० | उपभोक्ता | सम्पन्न |
| १२ | घोडेबास माराबास मोटरबाटो | ९,८० | उपभोक्ता | सम्पन्न |

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | वार्षिक बजेट (रु. हजारमा) | प्रक्रिया | अवस्था |
|---|---|---|---|---|
| १३ | वडा नं. ३ सिचाई कार्यक्रम | ९,८० | ठेक्का | सम्पन्न |
| १४ | वडा नं. ३ मर्मत सम्हार कार्यक्रम | ८,१३ | उपभोक्ता | सम्पन्न |
| १५ | खानेपानी तथा सरसफाई कार्यक्रम वडा नं. ३ | ५,८८ | उपभोक्ता | सम्पन्न |
| १६ | सामुदायिक स्वास्थ्य इकाइ छाप भवन निर्माण | ९,८० | ठेक्का | सम्पन्न |
| १७ | बौरीडाडा गिजनचौर मोटरबाटो स्तरोन्नति तिनाउ ४ | ६,८६ | उपभोक्ता | सम्पन्न |
| १८ | वेलडाडा खानेपानी योजना तिनाउ ६ | ९,८० | ठेक्का | निर्माणाधीन |
| १९ | जनदीप मा.बि.शैक्षिक सुधार तथा घेराबार | ९,८० | उपभोक्ता | सम्पन्न |
| २० | ओर्लफान मुर्थुम मो बा निर्माण वडा नं. १ तिनाउ | १५,०० | उपभोक्ता | सम्पन्न |
| २१ | वेवरे सिचाइ वडा नं. २ | १५,०० | सम्झौता नभयको | |
| २२ | केरावारी पाताल मोबा स्तरोन्नती | १५,०० | उपभोक्ता | सम्पन्न |
| २३ | कोलडाँडा स्वास्थ्य चौकी भवन निर्माण | १३,७२ | ठेक्का | सम्पन्न |

**मुख्य उपलब्धीः**

१. ठूला आयोजनाहरु ठेक्का प्रकृयाबाट कार्य गर्ने प्रयास गरिएको ।

२. योजना सम्झौता विद्युतिय प्रणालीबाट गर्ने गरिएको ।

३. योजनाहरुको गुणस्तर कायम गर्न अनुगमनलाई प्रभावकारी बनाइएको ।

**आ.ब. २०८०।०८१ म सञ्चालित एकीकृत घुम्ति शिविर कार्यक्रममा तपशील अनुसार उपलब्धि भएको छ ।**

| तिनाउ गाउँपालिकाको एकिकृत घुम्ति शिविरबाट सेवा प्राप्त सेवाग्राहीहरुको विवरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्वास्थ्य | | | | | | | | | |
| क्रस | वडा नं | व्यक्तिगत घट्ना दर्ता (जना) | ल्याव (जना) | आँखा (जना) | ओपिडि सेवा (जना) | शिक्षा (विद्यालय अनुगमन) (वटा) | योजना सम्झौता (वटा) | कृषि सेवा (परामर्श तथा अनुगमन) (जना) | पशु सेवा (परामर्श तथा अनुगमन) (जना) | जेष्ठ नागरिक परिचय पत्र (जना) | व्यवसाय दर्ता (वटा) | नागरिकता सिफारिस (जना) |
| १ | १ | ५०६ | २३६ | ६२२ | २८० | | २३ | २४ | २३ | २४ | | |
| २ | २ | ४३१ | १४९ | २३६ | २६५ | | २ | १८ | १९ | | | ३३ |
| ३ | ३ | ३३५ | १५६ | १९९ | २५६ | | ६ | १७ | १५ | | | |
| ४ | ४ | ४५६ | १०१ | ६३ | १२७ | | २० | २३ | १२ | | | १७ |
| ५ | ५ | ५१३ | १७९ | २०४ | २४२ | | १६ | १६ | २७ | ५ | | ४३ |
| ६ | ६ | ४६७ | २३३ | ३०९ | ३७८ | | १० | १२ | ११ | २७ | | ५ |
| जम्मा | | २७०८ | १०५४ | १६३३ | १५४८ | १९ | ७७ | ११० | १०७ | ५६ | ४ | ९८ |

**विपत व्यवस्थापन तर्फ**

**२०८० साल श्रावण महिना देखि २०८० पौष १८ सम्म विपतमा परेका परिवारलाई राहत वितरण गरिएको**

| विवरण | संख्या | खर्च |
|---|---|---|
| पूर्ण घर क्षेती | ४ | ८०,००० |
| आशिक घर क्षेती | २ | २०,००० |
| जग्गा क्षेती | १७ | १,१५,५०० |
| गोठ पूर्ण क्षेती | २ | २०,००० |
| औषधि उपचार | २ | २०,००० |
| पशु क्षेती | १ | ९,००० |
| जम्मा | २८ | २,६४,५०० |

**सहकारी मुख्य उपलब्धिहरु**

१ गाउँपालिका मातहत रहेका सहकारीहरुको लागि १ दिने अभिमुखिकरण तालिम सम्पन्न ।
२ तिनाउका सहकारी र अवको बाटो १ दिने अभिमुखिकरण सम्पन्न ।
३ सहकारी संस्था नियमन तथा अनुगमन निर्देशिका निर्माण भएको ।
४ तिनाउका सहकारीहरुको ७ सदस्यीय तदर्थ समन्वय समिति गठन ।

५ सहकारीका सवल पक्षको वारेमा जानकारी भएको। सहकारीको कमजोरीको वारेमा जानकारी भएको सहकारीका अवसर तथा चुनौतीका वारेमा जानकारी भएको

**समृद्धिको लागि बन परियोजना**

जम्मा वित्तिय प्रगति प्रतिशत : रु ४३.६५%

जम्मा वृक्षरोपण भएको विरुवा संख्या : ७,३००

## सम्पन्न भएको मुख्य कार्यक्रम

- समुदायमा आधारित वनहरुमा लेङ्गिक समानता तथा वातावाणीय सुरक्षा सम्बन्धी तालिम,
- महिला दलितका लागि समुदायिमा आधारित वनहरुमा डालेघास वितरण,
- निजी वन वृक्षारोपणको लागि अनुदान (महिला,दलित तथा विपन्न लाई प्राथमिकता),
- सार्वजनिक जग्गा व्यवस्थापन समुह गठन तथा विधान तयारी तथा दर्ता,
- निजि तथा सार्वजनिक जग्गामा वृक्षरोपण तरिका तथा प्रक्रिया बारे अभिमुखिकरण,
- सार्वजनिक जग्गामा वृक्षरोपणका लागि समुह,समिति,संस्थालाई अनुदान,
- संभावित वृक्षरोपण योग्य निजी, सार्वजनिक , ऐलानी पर्ति तथा सरकारी जग्गाको पचिहान,
- सार्वजनिक जग्गाको संरक्षण तथा जग्गा तयारीको लागि सहयोग,

पहिचान भएका वृक्षरोपण योग्य सार्वजनिक जग्गा

- श्री बुद्ध विकास मा.वि. द्बारा व्यवस्थित सार्वजनिक जग्गा
- श्री थानिडाँडा मा.वि. द्बारा व्यवस्थित सार्वजनिक जग्गा
- श्री आरखोदी क्षेत्रमा रहेको सार्वजनिक जग्गा
- श्री पोखरडाँडा स्थित सार्वजनिक जग्गा

**मुख्य उपलब्धिहरु**

१ तिनाउ गाउँपालिका भित्र भएका संभावित वृक्षरोपण योग्य निजी,सार्वजनिक, ऐलानी पर्ति तथा सरकारी जग्गाको पहिचान तथा सुझाव संकलन ।

२ निजि जग्गामा वृक्षारोपण गर्ने प्रयास गर्रिदै ।

**न्यायीक समिति तर्फ**

| सि.नं. | आ.ब. | उजुरी फाइल संख्या | फछ्र्योट मुद्दा | फछ्र्योट हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८०/०८१ | ५ | ३ | २ | |

१ यस पालिका अन्तर्गतका सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना गरेको ।

२ मेलमिलाप कर्ताहरू लाई नियुक्ति दिई कामको जिम्मेवारी दिईएको ।

३ न्यायिक समितिका पदाधिकारी एवं कर्मचारीलाई न्यायिक निरूपण सम्बन्धी । पुर्नताजगी तालिम सम्पन्न गरिएको ।

४ नियमित रूपमा न्यायिक समितिको बैंठक बसी न्यायिक क्षेत्रका जटिलताहरू पहिचान गरी सम्बन्धीत निकायमा परामर्श गर्ने गरिएको ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

| २०८०/०८१ | बजेट | खर्च | खर्च % |
|---|---|---|---|
| पुंजीगत सशर्त | ४६,११,००० | ४५,२७,०४० | ९८.१८% |
| चालु | १५,२७,००० | १४,९५,००० | ९७.९०% |
| जम्मा | ६१,३८,००० | ६०,२२,०४० | ९८.१२% |

**मुख्य उपलब्धीहरु**

१. आगामी आर्थिक बर्ष २०८१।८२ का लागी न्यूनतम रोजगारीमा सहभागी हुनका निवेदन दिने सूचिकृत वेरोजगार ब्यक्तिहरु ७२९ जना रहेका छन् जसलाई इमिस को सिस्टममा प्रबिस्टि गरिएको छ ।

२. सूचिकृत भएका ब्यक्तिहरुलाई न्यूनतम १०० दिनको रोजगारी दिने कार्यविधि बमोजिम बिनियोजित सघिंय शर्षत बजेट अनुरुप ६९ जना ब्यक्तिहरुलाई १०० दिनको रोजगारी पुग्ने किसिमले सबै वडाहरुमा आयोजनाहरु गरिएको

३. न्यूनतम रोजगारीका लागी संलग्न भएका ६९ जना सूचिकृत बेरोजगार ब्यक्तिहरुले औषतमा प्रति ब्यक्ति रु.६५,६०९ रुपैया काम गरेर आम्दानी गरेका छन् । जसबाट कामदारहरुको घर छाउन, औषधी उपचार गर्न, बर्खा खर्च धान्न, छोराछारीलाई पठनपाठनमा सहयोग पुगेको बेरोजगार ब्यक्तिहरुको भनाई रहेको छ । बिशेषतः महिलाहरुलाई यसले ठूलो आर्थिक सहयोग भएको काममा संलग्न महिलाहरुको भनाई छ ।

४. बैदेशिक रोजगारमा जाने ब्यक्तिहरुका लागी पुनःश्रम स्वीकृतीको अनलाईन सहजीकरण गरि सेवा १५ ब्यक्तिहरुको श्रम स्वीकृती सेवा प्रवाह गरिएको छ ।

५. बैदेशिक रोजगारमा आवश्यक श्रम सम्बन्धी काममा आवश्यक परामर्श सेवा प्रदान गरिएको छ ।

६. स्थानीय तहको रोजगार रणनिती तयार गर्नुपर्ने कार्यविधि बमोजिम रणनितिक योजनाको तयार गर्ने कार्य गरिएको छ ।

**गाउँपालिकाको यस आ.ब.को हालसम्म भएका कार्यहरू संक्षिप्तमा विवरणः**

## सामाजिक विकास

१ गाउँपालिका भित्रका जोखियुक्त विभिन्न विद्यालयका भवनहरुको संरक्षण तथा सुरक्षाको लागि तारबार गर्ने काम सम्पन्न भएको छ । यस अन्तर्रगत दोभान मा.वि., रुपा प्रा.वि., थानीडाँडा मा.वि., आदर्श आवि वडा नं ३ र युवावर्ष मा.वि.मा तारबारको काम सम्पन्न भएको छ ।

२ बाल शिक्षालाई प्रभावकारी बनाउन बाल कक्षा सुधारको लागि भूईं बसाइको काम पि-फर्म, जुट कार्पेट र गोलो बाल टेवल (५१) गरी ३६ विद्यालयमा भूइँ बसाइ सम्पन्न भएको छ ।

३ आधुनिक प्रकारका २१३ सेट डेस्क वेन्च खरिद गरी विभिन्न विद्यालयमा वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

४ विद्यालयको अध्यापन प्रणालीलाई सूचना मैत्री बनाउन Smart Classroom को माध्यमबाट अध्यापन गर्न दोभान मा.वि. र तिलोत्तमा मा.वि.मा प्रविधि जडान गर्ने कार्य सम्पन्न भएको छ ।

५ गाउँपालिकाको शिक्षाको गुणस्तर सुधार गर्न गाउँपालिकाले स्वीकृत गरेको तिनाउ गाउँपालिकाको शिक्षक दरबन्दि मिलान तथा विद्याललय समायोजना कार्यविधि, २०८० को मापदण्ड भित्र आधारभुत विद्यालयको कक्षा ६ देखि ८ सम्मका कक्षा कटौती गरी प्राथमिक विद्यालयको रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । यस कार्यबाट प्रभावित हुने विद्यार्थीहरुलाई गाउँपालिकाका माध्यामिक विद्यालयहरुमा निशुल्क आवाशिय सुविधा सहित अध्यापन गराउने व्यवस्था पनि मिलाइएको । हाल मस्याम मा.वि. तिनाउ ६ मा श्री पाटन आ.वि. तिनाउ-६, श्री श्री आ.वि., तिनाउ-६ र भूमिशाला आधारभूत विद्यालयका ४२ जना विद्यार्थीहरु आवाशिय रुपमा बसी अध्ययन गरिरहेका छन ।

६ संघीय सरकारले कक्षा ५ सम्म मात्र रु. १५ का दरले दिवा खाजा उपलब्ध गराएकोमा । गाउँपालिकाले कक्षा ६ सम्म रु. १८ का दरले दिवा खाजा उपलब्ध गराइएको ।

## खानेपानी

७ गाउँपालिकाको विशेष अनुदान अन्तर्गत वडा नं ३ मा हात्तीको लिफ्टिङ्ग खानेपानीको निर्माण कार्य सम्पन्न भएको छ ।

८ वडा नं. ५ को घुघुरा छाप, वडा नं. १ को ताल मुर्तुङ, वडा नं. २ को हरियाली गाउँ, वडा नं. ६ को शिखरडाँडा र वडा नं. १ को चिउरेपानि लिफ्टिङ खानेपानी आयोजनाहरुको निर्माण सम्पन्न भै ५०९ घरधुरीमा एक घर एक धारा सञ्चालन मा रहेको । साथै वडा नं. ६ को वेलडाँडा लिफ्टिङ खानेपानी आयोजनामा विद्युत विस्तारको कार्य अन्तिम चरणमा पुगेको छ ।

९ वडा नं. १ को कचल खानेपानी आयोजना को निर्माण सम्पन्न भै २०० घर धुरीमा एक घर एक धारा सञ्चालनमा रहेको ।

१० काभ्राचौर खानेपानी वडा नं ३ मा २० घ.मि. को खानेपानी टंकी निर्माण गरिएको ।

११ चालु आर्थिक वर्षमा चिउरेपानी र हरियाली गाउँको खानेपानी आयोजनामा २६० घर धुरीमा एक घर एक धारा निर्माण सम्पन्न भएको छ ।

**स्वास्थ्य**

१२ टाढाका सेवाग्राहीलाई प्रसुती सेवा लिन आउँदा हुने असुविधाको अन्त्य गर्न प्रसुति कुरुवा कक्षको स्थापना गरिएको छ।

१३ सडक दुर्घटनामा घाईते भएका तथा प्रसुती सेवा लिन स्वास्थ्य संस्था जादा लाग्ने सम्पूर्ण यातायात खर्च गाउँपालिकाबाट उपलब्ध गराउने व्यवस्था गरिएको छ।

१४ बालबालिकाहरुले पाउनुपर्ने नियमित खोप पाई पूर्ण खोपयुक्त गाउँपालिका दिगोपनाको सुनिश्चितता गरिएको छ।

१५ सम्पूर्ण वडाहरुमा मोतिविन्दुको पहिचानको लागि शिविर सञ्चालन गरी पत्ता लागेका मोतिविन्दुका विरामीहरुलाई निशुल्क अप्रेशन शिविर सञ्चालन गरिएको छ। आ.ब आ ब २०८०।८१ मा ९९ जनाको मोतिविन्दूको सफल अप्रेशन भएको छ।

१६ ६ वटा वडाको ८ स्थानमा ३० वर्ष देखि ४९ वर्ष सम्मका महिलाहरुको पाठेघरको मुखको क्यान्सर पहिचानको लागि भि.आई.ए. जाँच शिविर सञ्चालन गरी ५७८ को जाचँ गर्दा ४० जनामा परिक्षण पोजिटिभ आएको छ।साथै प्रत्येक सोमबार दोभान स्वास्थ्य चौकीमा भि.आई.ए. जाच गर्ने व्यवस्था मिलाईएको छ।

१७ कुपोषणको उपचारको लागि ३ नं वडामा बाह्य उपचार केन्द्रको स्थापना गरी सेवा सुचारु गरिएको छ।

१८ सामुदायिक महिला स्वास्थ्य स्वयमंसेविकालाई प्रोत्साहनका लागि मासिक थप रु १००० यातायात खर्च, उमेर हदका कारण अवकाश हुदा थप रु ८०००० र अन्य कारणबाट अवकाश हुदा थप रु ४०००० उपलब्ध गराईएको छ।

१९ ६ वटै वडाका स्वास्थ्य संस्थाबाट स्वास्थ्यको कार्य प्रगतिको अनलाईन रिपोर्टीङ गर्ने व्यवस्था गरिएको छ।

२० सम्पूर्ण माध्यमिक विद्यालयहरुमा विद्यालय स्वास्थ्य कमिटीको गठन गरी स्वास्थ्य सम्वन्धी सचेतना विद्यालय तहबाट सञ्चालन गरिदै आईएको छ।

२१ किशोरीहरुमा रक्त समुह पहिचान तथा नियमित रक्तअल्पताको परिक्षण गरिएको छ।

२२ पालिका तथा वडा स्तरमा रक्त समुह निर्माण तथा परिचालन समितीको गठन गरी रक्तदाताहरुको पहिचान र अभिलेखिकरणको सुरुवात गरिएको छ।

२३ गाउँपालिका अन्तर्गत १४ स्थानमा नसर्ने रोगको पहिचान शिविर सञ्चालन गरिएको छ।उच्च रक्तचाप तथा मधुमेह रोगीका लागि थप ८ वटा औषधिको व्यवस्था गरिएको छ।

२४ स्वास्थ्य प्रबर्द्धनमा कसरत गर्ने बानीको विकासको लागि खुल्ला व्यायामशाला निर्माण खुलखुले पार्कमा सम्पन्न भएको छ।

२५ पालिका तथा वडा तह (२ र ३ नं वडा) मा स्तनपान कक्षको स्थापना गरिएको छ।

२६ विषयगत विशेषज्ञ सहितको एकिकृत स्वास्थ्य शिविर सञ्चालन गरिएको छ जसमा ६०० जना भन्दा बढिले सेवा लिनुभएको थियो।

२७ घुम्ती प्रयोगशाला सेवा सञ्चालन गरिएको छ।

२८ मस्याम स्वास्थ्य चौकीमा प्रसुति सेवाको सुरुवात गरिएको छ।

२९ वडा नं. २ को हरियालीगाउँमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्यको पहुँचमा वृद्धी गरिएको छ।

## आर्थिक विकास

### कृषि

३० वडा नं. १ को कचलमा तरकारी क्षेत्रविस्तार कार्यक्रम, वडा नं. २ को घोडेबास आलु पकेट कार्यक्रम, वडा नं. २ को बोटेगाउँमा तरकारी क्षेत्रविस्तार कार्यक्रम, वडा नं. ३ को झुम्सामा च्याउ खेती प्रवर्द्धन कार्यक्रम, वडा नं. ४ मा धनिया र खुर्सानी क्षेत्रविस्तार कार्यक्र र वडा नं. ६ मा तरकारी क्षेत्रविस्तार कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

३१ कृषि प्रविधिलाई आधुनिक तरिकाबाट उत्पादन गर्न गाउँपालिकाका १८२ जना कृषकहरुलाई ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

३२ बुटवल उप-महानगरपालिकासँगको सहकार्यमा बुटवल हाटबजारमा तिनाउ कृषि उपज संकलन तथा बिक्री केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजार सुनिश्चित गर्ने प्रयास गरिएको छ । यसै संकलन केन्द्रमा कृषि उपज लैजाने कृषकहरुलाइ मात्र उत्पादनमा आधारित अनुदान दिने व्यवस्था मिलाएको छ । यस केन्द्रलाई सुचना प्रविधि मैत्री बनाउन कृषि व्यवस्थापन सम्बन्धी सफ्टवेयर जडान गर्ने कार्य सम्पन्न भएको छ । सफ्टवेयरको तथ्यङ्कको आधारमा उत्पादनमा आधारित अनुदान उपलब्ध गराइएको छ । यस संकलन केन्द्रमा आफ्नो उत्पादन लैजाने जम्मा १५४ जना कृषकहरुलाई जम्मा रु. ६ लाख ८ हजार ५ सय ९२ रकम उत्पादनमा आधारित अनुदान उपलब्ध गराइएको छ ।

### पशु

३३ गाउँपालिकाका पशु पालक कृषकहरुलाइ प्रोत्साहन गर्न डुम्रे र दोभानमा रहेका दुध संकलन गर्ने सहकारीहरुको तथ्याङ्को आधारमा प्रति लिटर २ रुपैयाँका दरले दुधमा अनुदान दिने व्यवस्था मिलाएको छ ।

३४ गाउँपालिका भित्रका पशुहरुको निशुल्क उपचार गर्न निशुल्क औषधि उपलब्ध गराउने व्यवस्था मिलाएको छ ।

३५ गाउँपालिकाका पशुहरुको बसाइ व्यवस्थापन गर्न गोठ निर्माण, गोठ सुधार, भकारो सुधार र खोर सुधारका कार्यक्रमहरु निरन्तर रुपमा भैरहेका छन ।

३६ कृषि तथा पशु उद्यम विकास परियोजना (हेफर सँग साझेदारी) लाई थप प्रभावकारी र व्यवस्थित बनाउन यसको अवस्था अध्ययन सम्पन्न गरी प्रतिवेदन आर्थिक विकास समितिमा छलफलको लागि पठाइएको छ । आर्थिक विकास समितिको सुझावको आधारमा यसलाई नयाँ व्यवस्थापनका साथ सञ्चालन गर्ने कार्य आगामी वर्षमा सुरुवात गरिनेछ ।

### वन वातावरण विपद् व्यवस्थापन

३७ सामुदायिक वन समन्वय समितिसँग सहकार्य गरी सा.व.उ.स.का पदाधिकारीलाई क्षमता विकास कार्यक्रम सम्पन्न

३८ तिनाउ गाँउपालिका, बुटवल उपमहानगरपालिका र सामुदायिक वन समन्वय समितसँग सहकार्य गरी तिनाउ जलाधार संरक्षण कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

३९ सामुदायिक वन उपभोक्ता महासंघसँग सहकार्य गरी सा.व.उ.स.का पदाधिकारीलाई लेखा प्रणाली व्यवस्थापन तालिम सञ्चालन गरिएको छ ।

४० विपद् व्यवस्थापन कोष स्थापना गरी वर्षातको क्रममा क्षेती भएको घर तथा जग्गाको क्षेती पूर्ति २० जना नागरिकहरुलाई उपलब्ध गराइएको ।

४१ वृक्षारोपणयोग्य सार्वजनिक जग्गा पहिचान गर्ने कार्य सम्पन्न भएको छ ।

४२ निजी जग्गामा वन विकास कार्यक्रम सञ्चालन सञ्चालन गरिएको छ ।

४३ समृद्धिका लागि वन परियोजना अन्तर्गत लैङ्गिक समानता तथा वातावरणीय सुरक्षा सम्वन्धि क्षमता विकास तालिम सम्पन्न

४४ राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसँग साझेदारीमा भू-संरक्षण कार्यक्रम जस्तै नदी किनारमा तटबन्ध निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

## भौतिक पूर्वाधार

### भवन

४५ गाउँपालिकाको भवन तल्ला थप गर्न ठेक्का आह्वान गरि कार्य गर्ने काम अन्तिम चरणमा पुगेको छ ।

४६ वडा नं. ४ र ५ को स्वास्थ्य सेवा केन्द्रका भवनहरु चालु आर्थिक वर्षमा गर्ने भनिएको काम सम्पन्न भएको छ ।

४७ वडा नं. १ को सिद्द आधारभुत विद्यालय, वडा नं. २ को कालिका आधारभुत विद्यालय, वडा नं. २ को रुपमा प्रा.वि. को भवन निर्माणको काम सम्पन्न भएको छ।

४८ वडा नं. ६ को देवि प्रा.वि. पुस्तकालय भवन निर्माणको चालु आर्थिक वर्षको काम सम्पन्न भएको छ ।

४९ दोभान स्वास्थ्य चौकीमा प्रसुती गृह निर्माणको चालु वर्षको कार्य सम्पन्न भएको छ।

५० तिलोत्तमा माविमा छात्रबास सञ्चालनको लागि शौचालय र किचनको निर्माण गर्ने काम सम्मन्न भएको छ।

## सडक तथा पुल

५१ गाउँपालिकाको पहुँच मार्ग अन्तरगत सडक बोर्डसँगको सहकार्य सडक स्तरउन्नती गर्ने कार्य सम्पन्न भएको छ ।

५२ संघीय समपुरक कार्यक्रम अन्तर्गत नुवाकवट हरियाली गाउँ ज्यामिरे पर्यटन मार्ग स्तरउन्नती गर्ने कार्य १ करोड २२ लाखमा ठेक्का सम्झौता भै कार्य सम्पन्न भएको छ । यसै ठेक्का अन्तर्गत पुनः दोस्रो ठेक्का आव्हान गरी सम्झौता गरिएको कार्य पनि सम्पन्न भएको छ ।

५३ प्रदेश समपुरक आयोजना अन्तर्गत स्वीकृत वडा नं. १ को कचल झिङ्गामारा ठूलिउदाङ, वडा नं. २ को दोभान झ्याङला बगाहा सडक स्तरउन्नती, वडा नं. ४ को गोरबन्दी सत्यवती लगाड गिजनचौर पर्यटकीय सडक मार्ग स्तरउन्नती, वडा नं. ६ को आँप चौपारी बेलडाँडा चिदिस शिखर डाँडा गुफाचौर सडक स्तर उन्नती गर्ने कार्य सम्पन्न भएको छ । यी प्रत्येय योजनाहरुमा लुम्बिनी प्रदेश सरकारकोको २५ लाख र गाउँपालिकाको २५ लाख रकम व्यवस्था गरिएको छ ।

५४ वडा नं. ५ को चरचरे मरामकोट जन्तेलुङ पर्यटकीय मार्ग स्तर उन्नती गर्ने कार्य सम्पन्न भएको छ । यस कार्यका लागि रु ५० लाख रकम गाउँपालिकाबाट विनियोजन भएको थियो ।

५५ वडा नं. ३ को भुजेल वस्ती नजिक तिनाउ खोलामा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भएको छ ।

५६ गाउँपालिका भित्र रहेका सडकहरु वर्षातको क्रममा अवरुद्ध भै सडक मार्गबाट आवात जावत सुचारु गराउन करिव ७५ लाख रकम खर्च गरी पहिरो सोरसार गर्ने कार्य सम्पन्न गरिएको छ ।

५७ संघीय, प्रदेश सरकारहरुमा आयोजना माग गर्न विस्तृत आयोजना प्रतिवेदन आवश्यक पर्ने भएकोले गाउँपालिका विभिन्न ५ वटा सडकको ४२ कि.मी. विस्तृत आयोजना प्रतिवेदन तयार गरी आगामी वर्षको बजेटमा संघीय सरकार र प्रदेश सरकारसँग माग गरिएको ।

५८ वडा नं. ५ केराबारी पाताल सडक स्तरउन्नती गर्ने कार्य सम्पन्न भएको छ, वडा नं. १ को ओर्लाफाङ मुर्थुङ सडक निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

५९ गाउँपालिका चुरे क्षेत्रमा रहेको तथा भुगोल ठूलो भएकोले वर्षातको समयमा आइपर्ने विपद् जन्य घटना कम गर्ने तथा सडक यातायातलाई सधै सहज बनाउन व्याकहो लोडर खरिद गर्ने कार्य सम्पन्न भएको ।

## सुशासन तथा संस्थागत विकास

६० गाउँपालिकालाई पूर्ण प्रविधि मैत्री बनाउन योजना व्यवस्थापन सफ्टवेयर जडान गरी कार्यान्वयनमा ल्याइएको छ । जसबाट हालसम्म चालु आर्थिक वर्षको आयोजना जम्मा २०४ वटा योजनाहरु सम्झौता गरी निर्माण सम्पन्न भएको छ । राजस्व सुत्र प्रणालीबाट संकलन भएको छ ।

६१ सबै वडा कार्यालयहरु आफ्नै भवनबाट सञ्चालन गरी सेवा प्रवाह भएको छ ।

६२ गाउँपालिकालाई सूचना प्रविधिको माध्यमबाट सञ्चालन गर्न सफ्टवयर राख्ने कार्यको अन्तिम चरणमा पुगेको छ ।

६३ गाउँपालिकामा रिक्त रहेका कर्मचारीहरुको पदपुर्तिको लागि प्रदेश लोक सेवा आयोगमा पदपुर्तिको लागि लेखि पठाइएको छ ।

६४ गाउँपालिकाका सबै विद्यालय तथा वडा कार्यालयहरुका इन्टरनेटको व्यवस्था मिलाइएको छ ।

६५ राजश्व संकलन प्रणालीलाई व्यवस्थित र प्रविधिमैत्री बनाउन गाउँपालिका कार्यालयबाट संकलन हुने राजश्व र ६ वटै वडा कार्यालयबाट संकलन हुने राजश्वलाई अनलाईन प्रविधिबाट संकलनको कार्य गरिएको छ ।

६६ यस आ.ब.मा हाल सम्म ६१ वटा गाउकार्यपालिकाको बैठक बसेको छ ।

६७ सत्यवती मेलाका बखत मेला व्यवस्थापन तथा सुरक्षाका लागि मेला स्थलमा सि.सि. क्यामेरा जडान गरिएको साथै आवत जावत गर्न साना सवारी साधन संचालन सुरु गरिएको । सत्यवतिमा मेलाको अवसरमा जम्मा भएको भेटी गाउँपालिकाबाट कर्मचारी परिचालन गरी गणना गरीएको ।

६८ वर्षातको समयमा गाउँपालिका भित्र रहेका विभिन्न सडकहरुला सुचारु गर्ने कार्य सम्पन्न गरिएको ।

६९ गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्न दोभान खोला र झुम्सा खोलाको प्रारम्भिक वातावरणीय परिक्षण गर्ने सम्पन्न गरिएको ।

७० गाउँपालिका भित्र निर्माण तथा स्तरउन्नती हुँदै गरेका सडक अधिकार क्षेत्रबाट निस्कने ढुङ्गा गिट्टी बालुलाई गाउँपालिकाको आयस्रोतको रुपमा संकलन गर्ने कार्यको सुरुवात भएको छ ।

**गाउँपालिकाका केही चुनौती तथा समस्याहरूः**

१. यस आ.व.मा पनि ६ वटै वडाहरुमा साना तथा टुक्रे योजना तर्जुमा भएको हुनाले समयमा योजनाको इस्टिमेट, संचालन तथा कार्यन्वयन गर्न कठिनाई भएको छ ।

२. अझ पनि अपेक्षाकृत आन्तरिक आय संकलन गर्न सकिएको छैन । तथापी हाम्रो आन्तरिक आयको अवस्था सुधारोन्मुख नै रहेको छ । प्राय संङ्घीय र प्रदेश सरकारको आस र भरोसामा हाम्रो बजेट निर्भर छ ।

३. विकासका साझेदार स्थानीय जनसमुदायबाट प्रयाप्त जनश्रमदान जुटाउन सकिएको छैन । जसले गर्दा गाउँपालिकाको बजेट मै निर्भर हुनु परेको र उपभोक्ताले अपनत्व ग्रहण गर्न नसकेको अवस्था श्रृजना भएको छ।

४. कतिपय योजनाहरु अधुरा तथा अलपत्र अवस्थामा रही रहेका छन् । ती योजनाहरुलाई पुरा गर्न धेरै नै बजेट रकम विनियोजन गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

५. गाउँपालिकाको अधिकाँश भाग चुरे क्षेत्रमा पर्ने भएको हुनाले थोरै बजेटले विकास निर्माणलाई दिगो बनाउन निकै कठिनाई छ ।

६. जनताको अपेक्षा धेरै बजेट व्यवस्था कम भएकोले जनताको माग बमोजिम विकास व्यवस्थापन गर्न नसकिनु ।

७. राजस्वको दायरा वृद्धि गरी गाउँपालिकाको आन्तरिक आय वृद्धि गर्ने ।

८. स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित ऐन कानून अनुसार कार्य सम्पादन गर्ने ।

९. योजना छनोटमा आर्थिक र सामाजिक विकास भन्दा भौतिक पूर्वाधारमा विकासमा बढी चाप पर्ने गरेको छ ।

१०. गाउँपालिकाको कार्य सम्पादनमा सकारात्मक आलोचनाको कमी देखिन्छ ।

११. दरबन्दी अनुसारका दक्ष करमचारीहरुको पद पुर्ति हुन नसक्नु ।

१२. भौगोलिक जटिलताको कारण बर्षायाममा खोलामा पुल नहुदा तथा सडक सञ्जालमा समस्या हुदा घरमै सुत्केरी हुने अवस्था केही विद्यमान रहेको छ ।

१३. मापदण्ड अनुसारको स्वास्थ्यको भवन नहुदा सेवा प्रवाहमा समस्या रहेको छ ।

१४. स्वास्थ्य संस्थाको आफ्नै भवन नहुदा वडा कार्यालयको भवनबाट सेवा प्रदान गरिदै आईएको छ ।

१५. दरवन्दी अनुसारको कर्मचारीहरुको पदपूर्ती नहुदा सेवा प्रवाहमा समस्या रहेको छ ।

अन्त्यमा यस गाउँपालिकाको कार्य सम्पादनलाई विशेष चासो र महत्वका साथ नजिकबाट नियाली गाउँपालिकाका कार्यहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न खबरदारी गरीरहनु भएका सम्पूर्ण तिनाउबासी जनताहरुलाई हार्दिक धन्यवाद दिँदै मेरो प्रगति प्रतिवेदन यहिँ अन्त्य गर्दछु धन्यबाद् । नमस्कार ।